जि.प्र.का.रौ. दर्ता नं. १०९

जनताको आवाज

# चन्द्रपुर राष्ट्रिय दैनिक

CHANDRAPUR NATIONAL DAILY

वर्ष : ०२ अंक: २३ पृष्ठ सख्या:४ मुल्य रु. ५।- २०८३ जेठ २८ गते बिहिबार

## रौतहटका वन क्षेत्रमा सुधारको संकेत, अवैध कटानी र अतिक्रमण नियन्त्रणमा वन कार्यालय सक्रिय

चन्द्रपुर सम्वाददाता
जेठ २७, रौतहट

रौतहट जिल्लाका वन क्षेत्रहरू पछिल्ला केही वर्षयता उल्लेखनीय रूपमा सुधारोन्मुख बन्दै गएको देखिएको छ। एक समय चोरी कटानी, वन पैदावार तस्करी तथा अतिक्रमणका कारण संकटग्रस्त बनेका जिल्लाका वन क्षेत्रहरू अहिले संरक्षण र व्यवस्थापनका दृष्टिले सकारात्मक अवस्थामा पुग्न थालेका छन्। वन क्षेत्रमा हुने अवैध गतिविधिमाथि नियन्त्रण बढ्दै जाादा स्थानीयवासीहरू समेत वन संरक्षण अभियानप्रति आशावादी देखिएका छन्। डिभिजन वन कार्यालय र ौतहटका प्रमुख डिभिजन वन अधिकृत हेमन्त प्रसाद साहले जिम्मेवारी सम्हालेपछि वन संरक्षण तथा व्यवस्थापनका क्षेत्रमा उल्लेखनीय सुधार आएको स्थानीयवासीहरूको भनाइ छ। विगतमा वन क्षेत्रमा व्यापक रूपमा हुने अवैध फडानी, काठ तस्करी तथा वन अतिक्रमणका घटनालाई नियन्त्रण गर्न वन कार्यालयले कडा निगरानी र सक्रियता देखाएको छ। वन अधिकृत साहले जिल्लाका विभिन्न वन क्षेत्रको स्थलगत अनुगमन गर्दै चोरी कटानी, वन विनाश तथा तस्करी नियन्त्रणका लागि विशेष अभियान सञ्चालन गरिरहेका छन्। उनी नियमित रूपमा वन क्षेत्रको निरीक्षणमा पुग्ने गरेका छन् भने वनसाग सम्बन्धित सबै निकाय, कर्मचारी तथा सामुदायिक वन उपभोक्ता समूहहरूसाग समन्वय गरी वन संरक्षणलाई प्रभावकारी बनाउने प्रयास गरिरहेका छन्। सञ्चारकर्मीसागको कुराकानीमा डिभिजन वन अधिकृत साहले आफूले जिम्मेवारी सम्हालेयता कुनै पनि राजनीतिक दबाब, पहुाच वा बिचौलियाको प्रभावमा नपरी कानुनअनुसार काम गर्दै आएको बताएका छन्। उनले वन संरक्षणलाई आफनो प्रमुख प्राथमिकता रहेको उल्लेख गर्दै भने, "हामी जनता र जंगल दुवैको हितलाई केन्द्रमा राखेर काम गरि रहेका छौं। वन क्षेत्रको सुरक्षा, संरक्षण र व्यवस्थापनका लागि हाम्रो सम्पूर्ण टोली दिनरात खटिएको छ।" उनका अनुसार वन कर्मचारीहरूलाई इमान्दारितापूर्वक जिम्मेवारी निर्वाह गर्न स्पष्ट निर्देशन दिइएको छ। वन क्षेत्रमा नियमित गस्ती परिचालन, आकस्मिक अनुगमन तथा सूचना संकलनको कार्यलाई थप प्रभावकारी बनाइएको छ। यसका कारण विगतको तुलनामा वन पैदावार



चोरी निकासी, अवैध कटानी तथा तस्करीका घटनामा उल्लेखनीय कमी आएको कार्यालयको दाबी छ। वन कार्यालयले वन अतिक्रमण नियन्त्रणलाई पनि प्राथमिकताका साथ अघि बढाएको जनाएको छ। कार्यालयका अनुसार पछिल्लो दुई वर्षको अवधिमा जिल्लाका विभिन्न वन क्षेत्रमा अतिक्रमण गरी बनाइएका घर-टहरा हटाउने, अतिक्रमित जग्गा खाली गराउने तथा वन क्षेत्र पुनः संरक्षणको दायरामा ल्याउने कार्य प्रभावकारी रूपमा सम्पन्न गरिएको छ। वन अधिकृत साहले अतिक्रमित क्षेत्रहरूलाई पुनः वन क्षेत्रमा रूपान्तरण गर्न वृक्षारोपण तथा वन पुनर्स्थापनाको अभियानलाई तीव्रता दिइएको जानकारी दिए। कटान तथा विनाश भएका स्थानमा विभिन्न प्रजातिका बिरुवा रोप्ने, प्राकृतिक रूपमा उम्रिएका बिरुवाको संरक्षण गर्ने तथा नियमित रेखदेखको व्यवस्था मिलाइएको उनले बताए। वन संरक्षण अभियानअन्तर्गत कार्यालयले वन अतिक्रमणकारी तथा वन विनाशमा संलग्न व्यक्तिहरूमाथि कानुनी कारबाहीलाई समेत निरन्तरता दिएको छ। सोही क्रममा २०८१ साल चैत २४ गते वन अतिक्रमण गरेको आरोपमा वृन्दावन नगरपालिका-४ हरैया निवासी बिल्टु राय यादव पक्राउ परेका थिए। डिभिजन वन कार्यालय रौतहतअन्तर्गत रहेको वृन्दावन सब-डिभिजन वन कार्यालय बल्लरीको गस्ती टोलीले उनलाई खयरघारी वन क्षेत्रमा अतिक्रमणका लागि वन फडानी गरिरहेको अवस्थामा नियन्त्रणमा लिएको जनाएको थियो। वन कार्यालयका अनुसार उनले वृन्दावन नगरपालिका-१ स्थित खयरघारी वन क्षेत्रभित्र करिब आधा कठ्ठा जमिनमा रहेको झाडी तथा बुट्यान खुकुरी प्रयोग गरी फााड्दै वन अतिक्रमण गर्ने प्रयास गरेका थिए। वन कार्यालयका अनुसार पछिल्लो समय वन गस्ती प्रणालीलाई थप व्यवस्थित, चुस्त तथा प्रविधिमैत्री बनाइएको छ। जिल्लाभर परिचालित गस्ती टोलीलाई सक्रिय बनाइएकाले विगत करिब डेढ दशकयताकै सबैभन्दा प्रभावकारी रूपमा वन संरक्षण अभियान सञ्चालन भइरहेको दाबी गरिएको छ। यसले वन पैदावार चोरी निकासी नियन्त्रणमा महत्वपूर्ण उपलब्धि हासिल भएको कार्यालयको भनाइ छ। स्थानीयवासीहरूका अनुसार अहिले पनि कतिपय स्थानमा छिटफुट रूपमा वन पैदावार चोरीका प्रयास हुने गरेका छन्। तर वन गस्ती टोलीको नियमित निगरानी, सूचना संकलन र समयमै हस्तक्षेपका कारण त्यस्ता गतिविधि सफल हुन नसकेको उनीहरूको भनाइ छ। गरुडा नगरपालिका निवासी अन्होती गुप्ताले डिभिजन वन अधिकृत हेमन्त प्रसाद साहको कार्यशैलीको प्रशंसा गर्दै रौतहटमा हालसम्म यति सक्रिय, निष्पक्ष तथा कर्तव्यनिष्ठ वन अधिकृत नआएको प्रतिक्रिया दिए।

उनका अनुसार वन संरक्षण, अतिक्रमण नियन्त्रण तथा वन व्यवस्थापनमा देखिएको सुधारले स्थानीयवासीहरूमा वन कार्यालयप्रतिको विश्वास बढाएको छ।

वन क्षेत्र संरक्षण, अवैध गतिविधिमाथिको नियन्त्रण, वृक्षारोपण अभियान तथा समुदायको सहभागितालाई निरन्तरता दिन सकिए रौतहटका वन क्षेत्र आगामी वर्षहरूमा अझ हराभरा, समृद्ध र सुरक्षित बन्ने अपेक्षा गरिएको छ। वन संरक्षणमा सरकारी निकाय, स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह तथा स्थानीय नागरिकबीचको सहकार्यले जिल्लाको वातावरणीय सन्तुलन कायम राख्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ।

## सीमापारी तस्करी रोक्न जेनजी युवाको सक्रियता, धानको बीउसहित भारतीय मोटरसाइकल प्रहरीको जिम्मा

चन्द्रपुर सम्वाददाता
जेठ २७ गते ।

रौतहटको देवाही गोनाही नगर पालिका क्षेत्रमा भारतबाट अवैध रूपमा भित्र्याइएको धानको बीउसहित एक भारतीय नम्बर प्लेटको मोटरसाइकल स्थानीय जेनजी युवाहरूले नियन्त्रणमा लिएर प्रहरीको जिम्मा लगाएका छन्। सीमावर्ती क्षेत्रमा बढ्दो तस्करी नियन्त्रण गर्न सक्रिय रहेको कटहरिया नगरपालिकाको जेनजी युवा समूहले विशेष सूचनाको आधारमा देवाही गोनाही नगर पालिका अन्तर्गत कर्कच गाउाबाट धानको बीउ बोकेको भारतीय नम्बर प्लेटको प्लाटिना मोटरसाइकल नियन्त्रणमा लिएको हो। कटहरिया नगरपालिका-५ निवासी जेनजी युवा सुनिल यादवको नेतृत्वमा खटिएको टोलीले शंकास्पद गतिविधि देखेपछि मोटरसाइकललाई रोकी जाच गर्दा त्यसमा ६ बोरा धानको बीउ लोड गरिएको अवस्थामा फेला पारेको बताइएको छ। मोटरसाइकल नियन्त्रणमा लिने क्रममा बीउ बोकेर ल्याइरहेका भरिया भने मौका छोपी फरार भएका थिए।स्थानीयका अनुसार सीमावर्ती क्षेत्रमा पछिल्लो समय विभिन्न कृषि सामग्री, खाद्यान्न तथा अन्य वस्तुहरूको अवैध ओसारपसार बढ्दै गएको छ। यस्ता गतिविधिका कारण राज्यको राजस्वमा क्षति पुग्नुका साथै स्थानीय बजारसमेत प्रभावित हुने गरेको छ।नियन्त्रणमा लिइएको मोटर साइकल र बरामद गरिएको धानको बीउ आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाउन इलाका प्रहरी कार्यालय कटहरियालाई बुझाइएको जेनजी युवा समूहले जनाएको छ।इलाका प्रहरी कार्यालय कटहरियाका एक स्रोतले



बरामद सामग्री र मोटरसाइकल प्रहरी नियन्त्रणमा रहेको पुष्टि गर्दै घटनाको थप अनुसन्धान भइरहेको जानकारी दिए। स्रोतका अनुसार तस्करीमा संलग्न व्यक्तिको पहिचान तथा खोजी कार्य पनि अगाडि बढाइएको छ।स्थानीय युवाहरूको सक्रियताले सीमावर्ती क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रणमा सहयोग पुगेको भन्दै प्रहरी प्रशासनले जेनजी युवा समूहको प्रशंसा गरेको छ।

साथै यस्ता गैरकानुनी गतिविधि रोक्न समुदाय, स्थानीय तह र सुरक्षा निकायबीचको सहकार्य अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ। सञ्चार क्षेत्रलाई कमजोर बनाउने उद्देश्यले नेपाल सरकारले विभेदकारी नीति ल्याएको आरोप लगाउादै नेपाल पत्रकार महासंघ रौतहट शाखाले बुधवार जिल्ला प्रशासन कार्यालय रौतहटमा धर्ना प्रदर्शन गरेका छन् ।

नेपाल पत्रकार महासंघ रौतहट शाखाकी उपाध्यक्ष विना श्रीवास्तवको नेतृत्वमा आयोजित धर्ना कार्यक्रममा महासंघका सह-सचिव दिनेश यादव, जिल्ला समितिका पदाधिकारी तथा सदस्यहरूका साथै महासंघमा आबद्ध नरहेका पत्रकारहरूको समेत उल्लेखनीय सहभागिता रहेका हुन् ।

धर्ना कार्यक्रमलाई सम्बोधन गर्दै सहभागी पत्रकार तथा सञ्चार कर्मीहरूले सरकारले ल्याएको पछिल्लो नीति तंथा कार्यक्रमले स्वतन्त्र पत्रकारिता र सञ्चार क्षेत्रको अस्तित्व माथि नै चुनौती सिर्जना गरेको आरोप लगाए । उनीहरूले यस्ता विभेदकारी र सञ्चारमाध्यम विरोधी नीतिहरू तत्काल खारेज गर्न सरकारसाग माग गरे । कार्यक्रममा नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सदस्य शैलेन्द्र झा लगायतका उपस्थित वक्ताहरूले लोकतन्त्रको महत्वपूर्ण आधारस्तम्भका रूपमा रहेको सञ्चार क्षेत्रलाई कमजोर बनाउने कुनै पनि नीति स्वीकार्य नहुने स्पष्ट पारे ।




## प्रहरीमाथि आत्क्रमण : पूर्वप्रदेश सांसदलाई खोज्दै प्रहरी

चन्द्रपुर सम्वाददाता
जेठ २७ गते ।

सर्लाहीको कविलासीस्थित सलेमपुरमा दुर्घटनाको विषयमा विवाद हुादा प्रहरीलाई आक्रमण गरेको घटनामा मधेस प्रदेशका पूर्वसांसद जोडिएका छन् । पूर्वप्रदेश सांसद अशोककुमार यादवलाई सर्लाही प्रहरीले पक्राउ गर्न खोजेको छ । तर, उनी फेला परेका छैनन् । यादवविरुद्ध अभद्र व्यवहार सम्बन्धी कसुरमा अनुसन्धान भइरहेको सर्लाहीका एसपी रवीन्द्र पौडेलले बताए । उनले भने, उहाामाथि अनुसन्धान भइरहेको छ । यादव २०७४ मा मधेसी जनअधिकार फोरमको तर्फबाट प्रदेशसभा सदस्य थिए । अहिले उनी नेपाली कम्युनिस्ट पार्टीमा आबद्ध छन् । जेठ २५ मा राति ९ बजेतिर यादवको स्वामित्वमा रहेको ज. १ त.२५५० नम्बरको ट्याक्टरले रोकेर राखेको ना.६ख. ७६२३ नम्बरको ट्रकलाई ठक्कर दिएको थियो । ट्रक कविलासी नगरपालिका-८ स्थित अगर्वामा रोकेर राखिएको थियो । ठक्कर दिएर भाग्दै गरेको ट्याक्टरलाई प्रहरीले रोकेर दुवै सवारी चालकलाई छलफल गरेर मेलमिलाप गर्न र कुरा नमिलेमा प्रहरी कार्यालयमा हिाड्न आग्रह गरेका थियो ।

चन्द्रपुर राष्ट्रिय दैनिक प्रकाशन समुह

प्रकाशक/सम्पादक : रेखा कुमारी गुप्ता
सह–सम्पादक : रमेश कुमार यादब
बजार व्यवस्थापक : मन्जु मान्नधर
मुद्रक : के.एस.मल्टी प्रर्पोज प्रा.लि बिरगंज–१३ पर्सा
कार्यालय : चन्द्रपुर ४, रौतहट
फोन नं : ९८५५०४१२२२

## --- सम्पादकीय ---

# नागरिकलाई स्पर्श गर्ने लोकतन्त्रको खोजी

२०६२/६३ को जनआन्दोलनसाग पराजित तत्कालीन राजा ज्ञानेन्द्र शाहले प्रतिनिधिसभा पुनःस्थापना गरेको २० वर्ष पूरा भएको छ । लोकतन्त्रको यस यात्रामा देशले कैयौं घुम्ती पार गरेको छ । सशस्त्र द्वन्द्वको अन्त्य, जनताका प्रतिनिधिद्वारा संविधान निर्माण, राज्यको लोकतान्त्रीकरण र पुनःसंरचना मुख्य उपलब्धि हुन् । ज्ञानेन्द्रले नेतृत्व गरेको निरंकुश शासनको त्रासदी भोगेका जोकसैका निम्ति अहिलेको स्वतन्त्रता अतुलनीय उपलब्धि हो। नागरिक तथा राज्यले आर्थिक–सामाजिक प्रगति गर्न सक्ने सम्भावना पनि अहिले नै बढी छ । यद्यपि, दुई दशकको यो अवधिमा नेपालले जुन तीव्रताका साथ प्रगति गर्न सक्थ्यो, त्यसमा भने चुकेको छ । उत्कृष्ट व्यवस्था हुादाहुादै पनि राजनीतिक नेतृत्वको कमजोरीका कारण आर्थिक समृद्धिको चाहना भने पूरा हुन सकेको छैन। गत २३ र २४ भदौको जेन–जी आन्दोलनले मुलुकलाई नयाा राजनीतिक कार्यदिशा सुम्पिएको छ । २१ फागुनको निर्वाचनपछि शासन सत्तामा नयाा पुस्ता आइपुगेको छ । अबको बाटो लोकतन्त्रको सबलीकरण गर्दै जनताको आकांक्षाको सम्बोधन गर्नेतर्फ हुनुपर्छ । ८ जेठ २०५९ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटनको सिफारिस गरेपछि र तत्कालीन राजा ज्ञानेन्द्रले त्यसलाई सदर गरेपछि मुलुक गहिरो राजनीतिक संकटतर्फ होमिएको थियो । किनकि, विघटनका बेलामा तोकिएको मितिमा निर्वाचन गराउन देउवा असफल भए । निर्वाचन सार्ने प्रस्ताव लगेपछि ज्ञानेन्द्रले १८ असोज २०५९ मा देउवालाई नै असक्षम भन्दै पदमुक्त गरिदिएका थिए । त्यसपछि उनले आफैंले व्यक्ति चयन गर्दै प्रधानमन्त्री नियुक्त गर्ने अभ्यास थालेका थिए ।यसैक्रममा पुनः प्रधानमन्त्री बनेका देउवामाथि कु गर्दै १९ माघ २०६१ मा आफैंले शासनको नेतृत्व लिएका थिए। र, सेनाको साथ लिएर निरंकुशता लादेका थिए। त्यही निरंकुशताविरुद्ध दलहरूले संघर्ष गरेका थिए। त्यसक्रममा २०५२ देखि नै राज्यसत्ताविरुद्ध सशस्त्र संघर्ष गरि रहेको माओवादी र संसद्वादी सात दलबीच बाह्रबुादे सहमति भएको थियो र एकीकृत ढंगबाट जनआन्दोलन घोषणा गरेका थिए। २४ चैत २०६२ मा सुरु भएको जनआन्दोलन ११ वैशाख २०६३ मा टुंगिएको थियो। त्यस दिन ज्ञानेन्द्रले जनताको नासो जनतामै सुम्पिएको भन्दै प्रतिनिधिसभा पुनःस्थापना गरेका थिए ।जनआन्दोलनपछि नेपाली जनताको चाहना प्रस्ट थियो– दशक लामो सशस्त्र द्वन्द्वले सिर्जना गरेको सकसपूर्ण दैनिकीको अन्त्य, नागरिककै प्रतिनिधिद्वारा लेखिने संविधान, राज्य संरचनामा एकै समुदायको हालिमुहाली चल्दै आएकाले समावेशीकरण, केन्द्रीकृत राज्य संरचनाले सबै भूगोलका नागरिकको पहिचान, आत्मसम्मान र विकासको प्रयत्नलाई समेट्न नसकेकाले संघीय प्रणाली, राजतन्त्र र लोकतन्त्र सागसागै अघि बढ्न नसक्ने भएकाले गणतन्त्र, राज्यको चरित्रलाई थप लोकतान्त्रिक बनाउन र सबै धर्म समुदायको साझा बनाउनका लागि धर्म निरपेक्षता । यी सबैको उद्देश्य भने नागरिकको आर्थिक तथा सामाजिक उन्नतिका आधार तयार पार्नु थियो । सबैले प्रगति गर्न सक्ने शासकीय वातावरण बनाउनु थियो। दुई दशकको यस अवधिमा सबैजसो राजनीतिक उद्देश्य प्राप्त भएको छ। राजनीतिक पाटोबाट मात्रै हेर्ने हो भने नेपालको लोकतन्त्र विश्वकै उत्कृष्टमध्ये पर्छ। संविधानले नै उदार लोकतन्त्रलाई अंगीकार गरेको छ । तर आर्थिक प्रगतिको चाहना भने अझै अपूर्ण छ । जसले गर्दा लोकतन्त्रपछि नागरिकले देखेका सपना अझै अपूर्ण छ ।

राजाको निरंकुशताविरुद्धको संघर्षका क्रममा दलहरूले आफूहरूले विगतको कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए। मंसिर २०६२ को बाह्रबुंदे सहमतिको बुंदा ६ मा विगतका गल्ती–कमजोरीहरूको आत्मसमीक्षा र आत्मआलोचना गर्दै भविष्यमा गल्ती–कमजोरी हुन नदिन नेकपा (माओवादी) ले प्रतिबद्धता व्यक्त गरेको छ भनिएको थियो । त्यस्तै, बुादा ७ मा ...सात राजनीतिक दलहरूले विगतमा संसद् र सरकार मा छादा भएका गल्ती–कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती–कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ भनिएको थियो ।तर जनआन्दोलनको सफलतापश्चात् कार्यपालिका र व्यवस्थापिकाको नेतृत्वमा आइपुगेका दलहरूले पुराना कमजोरीकै पुनरावृत्ति गरे। उनीहरूले सत्तामोहलाई नै केन्द्रमा राखे । संविधान लेख्न नै नौ वर्ष लाग्यो । शासन सञ्चालनमा अस्थिरता हाबी भयो। आर्थिक विकास प्राथमिकतामा परेन । हरेक ठूला अनियमितताका काण्ड आउादा ठूला पार्टीका उपल्लो तहकै नेताहरू जोडिन थाले तर उनीहरू कारबाहीमा परेनन् । दलीयकरणका कारण अदालतदेखि विश्वविद्यालयसम्मले गरिमा गुमाए। रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता कम भएन।शासन सञ्चालनमा एकै अनुहारको वर्चस्व, कुशासन, भ्रष्टाचार, नातावादको अन्त्यको चाहना राख्दै र सरकारले सामाजिक सञ्जालका प्लाटफर्ममा लगाएको प्रतिबन्ध फुकाउन माग गर्दै २३ गते जेन–जी आन्दोलन भएको थियो।

# सरकारका ५ जोखिम, ४ सम्भावित परिदृश्य


अजयभद्र खनाल

अनुभवहीन सरकारले संस्थागत कूटनीतिलाई बेवास्ता गर्दै सस्तो डिजिटल राष्ट्रवादको भरमा परराष्ट्र नीति चलाउन खोज्दा ठूलो जोखिम निम्तिन सक्छ। सरकारले सामाजिक सञ्जालको भीडलाई पनि खुसी पार्ने र संस्थागत कूटनीतिक वार्ता पनि सागै अघि बढाउने बाध्यता हुन्छ, जुन सम्भव छैन ।

सन् १७०३ मा बेलायती लेखक डेनियल डिफोलाई लन्डनको चोकमा पिलोरी (काठको खम्बा) मा बाधेर सार्वजनिक बेइज्जतीको सजाय दिइयो । त्यतिखेर राज्यको एउटै उद्देश्य थियो– भीडमार्फत अपमानित गरेर उनको मनोबल गिराउनु । तर, कानुनी र दिगो समाधान खोज्नुको सट्टा सार्वजनिक बेइज्जतीलाई हतियार बनाउने राज्यको त्यो शैलीले न त तत्कालीन व्यवस्था सुध्रियो, न त असन्तुष्टि नै शान्त भयो । ३२३ वर्षपछि, नेपालमा पुराना दलहरूलाई विस्थापित गर्दै आएको नयाा सत्ताले सुशासनका नाममा त्यही पिलोरी को डिजिटल स्वरूप अपनाउन थालेको छ ।वर्तमान सत्ताको आगमन र विद्रोही जनलहर रोमाञ्चक छ । यसको सबैभन्दा राम्रो पक्ष हो, वर्तमान सरकारले आर्थिक वृद्धि, सुशासन र भ्रष्टाचार नियन्त्रणलाई आफनो सफलता नाप्ने आधार मात्र नभएर आफू टिकिरहने जग नै बनाएको छ। तर, यी लक्ष्यहरू जति पवित्र छन्, तिनलाई हासिल गर्ने बाटो त्यति नै जटिल । वालेन्द्र शाह (बालेन) प्रधानमन्त्री बनेको साढे दुई महिनापछि सिंहदरबारभित्र देखिन थालेको यथार्थ, बाहिर देखिएको चुनावी माहोलभन्दा कैयौं गुणा कठोर छ ।

यही कठोर यथार्थलाई मनन गर्दै, बालेन सरकारका तत्कालका राम्रा वा नराम्रा पक्षहरूको बहसभन्दा माथि उठेर , यो लेखले देशको आसन्न भविष्यको लेखाजोखा गर्न खोजेको छ । सस्तो लोकप्रियता (पपुलिज्म) र संरचनागत यथार्थबीचको टकरावका कारण अहिले सरकारका अगाडि पााच वटा गम्भीर जोखिम (पासो) देखापरेका छन्। लेखले सरकारको सफलता वा असफलतालाई प्रत्यक्ष रूपमा असर पार्ने यिनै प्रशासनिक, आर्थिक, राजनीतिक, भूराजनीतिक र मनोवैज्ञानिक चालढालको मूल्यांकन गर्नेछ ।

यी जोखिमले आगामी दिनका लागि चार वटा सम्भावित परिदृश्य सिर्जना गर्दै छन् । आगामी १८ महिनाभित्र प्रधानमन्त्रीले यी बाधालाई कसरी सुल्झाउनुहुन्छ भन्ने विषयले नै सरकारको सफलता वा असफलता तय गर्नेछ। तर, आजका दिनसम्म देखिएका लक्षण कायमै रहने हो भने सरकार सफलभन्दा असफल हुने सम्भावना धेरै बढी छ । त्यसैले, सम्भावित राजनीतिक र आर्थिक दुर्घटनाबाट बच्न वर्तमान सरकारले सस्तो तालीका लागि भत्काउँदै हिंड्ने बाटो त्यागेर प्रणाली र संस्था बनाउने पाको बाटो रोज्नैपर्छ ।

प्रणाली निर्माण र परिपक्वताको यो कडा परीक्षा सुरु भइसकेको छ । आज सरकार गठन भएको अढाई महिना पूरा हुन लागेको छ। निर्वाचनपछिको हनिमुन समय समाप्त हुदै गर्दा सरकार जनलहरको अति–उत्साहबाट उत्रिएर चुनौती र जननिगरानीको कठोर धरातलमा प्रवेश गरेको छ। पुराना राजनीतिक नियुक्तिहरू खारेज गर्ने र भ्रष्टाचारीलाई समाउनेजस्ता सुरुवाती निर्णयले जनतामा उत्साह जगाएकै हुन्। तर अब यी कदमले मात्र पुग्दैन । जरैदेखि सुधार गर्ने, पुाजीगत खर्च बढाउने र तल्लो तहमा परिणाम दिनुपर्ने समय आएको छ ।नतिजा निकाल्ने दबाबका बीच प्रधानमन्त्री बालेनको मनस्थिति र शैली मुख्य चुनौती बनेर सतहमा आएको छ । प्रधानमन्त्री भएपछि पनि उनले आफनो ऱ्यापर पृष्ठभूमि र डिस–ट्र्याक (गाली गर्ने) शैलीलाई छाडेका छैनन् । पदको गरिमालाई पन्छाएर आफना समर्थकलाई खुसी पार्न उनी जोसुकैमाथि पनि आक्रामक रूपमा प्रहार गर्न सक्छन्। झट्ट हेर्दा लहडमा आएको जस्तो देखिए पनि, उनका अभिव्यक्तिहरू मिडियाको ध्यान खिच्न र आफूलाई लडाकुका रूपमा देखाउन योजनाबद्ध रूपमै आएका हुन्छन् । परम्परागत मिडियालाई छलेर गोप्य चिठी वा व्यक्तिगत सन्देशहरू सार्वजनिक गर्दै उनले पारदर्शितालाई यस्तो हतियार बनाएका छन्, जसले कर्मचारीतन्त्र र पुराना खेलाडीलाई लाखौं युवामाझ नांगेझार पार्न वा बेइज्जत गरिदिन सक्छ ।

सत्ता सञ्चालन र कूटनीतिमा भने प्रधानमन्त्रीको यो शैलीले उल्टो असर पार्दै छ । एकातिर प्रधानमन्त्री कार्यालयको यो आक्रामक शैली र अर्कोतिर कर्मचारीतन्त्र, राजनीतिक दल र विदेशी राष्ट्रहरूको फरक सोच र शैलीका कारण विभिन्न खालका घर्षण सुरु भएका छन् । सरकार छिटो नतिजा खोजिरहेको छ तर निरन्तरको बेइज्जती र त्रासका कारण कर्मचारीतन्त्र आफू पूर्ण सुरक्षित नभएसम्म अगाडि बढ्न तयार छैन । प्रधानमन्त्रीको कार्यशैली र राज्य संयन्त्रको यो द्वन्द्वले अन्ततः सरकारको समग्र नतिजालाई नै बन्धक बनाउन सक्छ ।

सरकारसामु रहेका ५ गम्भीर जोखिम उल्लिखित पृष्ठभूमिमा उभिएर अब हेरौं– वर्तमान सत्ता र यसको भविष्यलाई नियन्त्रण गरिरहेका पाच मुख्य बाधा के–के हुन् त ?

कर्मचारीको मौन असहयोग र बचाउ : बालेन सरकार कर्मचारीको जालो भत्काउन चाहन्छ। तर सरकारलाई सुशासन र विकासको लक्ष्य हासिल गर्न त्यही कर्मचारीतन्त्रको सहयोग चाहिन्छ। जनताले कर्मचारीलाई हेर्ने नजर र कर्मचारीहरू आफैंले निजामती सेवालाई बुझ्ने तरिकामा आकाश–जमिनको फरक छ। जनता कर्मचारीलाई घृणाको दृष्टिले हेर्छन् । जनताले कर्मचारीतन्त्रको कुरा गर्दा भ्रष्टाचार, ढिलासुस्ती, बिचौलिया र कामचोरजस्ता शब्द एकसाथ प्रयोग गर्छन्। त्यसकारण कर्मचारीतन्त्रलाई सुधार्न वा कर्मचारीलाई सजाय दिन सरकारले जतिसुकै कडा कदम चाले पनि जनता खुसी नै हुन्छन् । सरकारी कर्मचारीप्रतिको यही रिसलाई उपयोग गर्दै वर्तमान सरकार प्रशासन सुधार्न हतारिएको छ ।

अर्कोतिर कर्मचारीहरूको आफनै घेराभित्र भने निजामती सेवाको मर्ममाथि प्रहार हुंदै छ भन्ने बुझाइ बन्दै गइरहेको छ । आजका दिन उनीहरू प्रतिरक्षा र पिरलोको दोसाधमा छन् । आफनो वर्तमान अवस्था बताउादा उनीहरू अति असुरक्षा, पेलाइ, मनोबल र कानुनी राज्यजस्ता शब्द प्रयोग गर्छन् । वर्षौंदेखिको बेथिति, कानुनी जटिलता र विधि प्रक्रिया पालना गर्नुपर्ने बाध्यताका कारण आफूहरूलाई तारो (बलिको बोका) बनाइएको उनीहरूको तर्क छ। यसको एउटा प्रत्यक्ष असर उनीहरूको व्यवहारमा देखिएको छ। बिस्तारै उनीहरू सक्रिय सेवा प्रवाहबाट पछि हटेर आफू जोगिने बाटोतिर हिडिरहेका छन् ।

आजका दिन प्रधानमन्त्री कार्यालयले प्रशासनलाई एउटा कर्पोरेट कम्पनी जसरी चलाउन खोजिरहेको छ । प्रशासनमा प्रशस्त सुधारहरू सुरु गरिएका छन् । यसप्रति धेरै कर्मचारी सकारात्मक पनि छन्। तर , जब राजनीतिक नेतृत्वले प्रशासकहरूलाई निर्णय प्रक्रियामा सहभागी गराउादैन, विश्वासमा लिन सक्दैन र सुरक्षाको अनुभूति दिन सक्दैन, तब अनलाइन प्रणाली (जस्तै पीएमआईएस र ईजीपी) ले नै उल्टो असर गर्न सक्छ । अनलाइन प्रणालीमा हरेक निर्णयको स्थायी रेकर्ड बस्ने हुनाले भोलि अख्तियारको फन्दामा परिने डरले कर्मचारीहरू हरेक फाइललाई सयौं पटक जाच्छन्। उनीहरूलाई हडताल गर्न जरुरी छैन। बरु कानुन, विधि र सार्वजनिक खरिद ऐनका छिद्रहरूलाई टेकेर मालिसियस कम्प्लायन्स (कानुनको अक्षरशः पालना गरेर काम अड्काउने) रणनीति अपनाउन सक्छन् । असुरक्षित महसुस गरेको संयन्त्रले जोखिम मोलेर काम गर्दैन ।रास्वपा र सरकारबीचको आन्तरिक कलह र वैचारिक जुहारी : छिटो नतिजा खोज्ने क्रममा प्रधानमन्त्री बालेन सस्तो लोकप्रियता खोज्दै र केही हदसम्म कानुनी प्रक्रिया मिचेरै भए पनि अघि बढ्न खोज्नेछन्। उनी एकपक्षीय र शक्तिशाली शासकका रूपमा अघि बढ्न थाले भने अर्थमन्त्री स्वर्णिम वाग्ले र पार्टी सभापति रवि लामिछानेजस्ता मूल नेतृत्वले आर्थिक नियम र कानुनी प्रक्रियाको पक्ष लिनेछन्। यसै पनि बालेनको व्यक्तिगत ब्रान्डका कारण रवि लामिछाने र उनका समर्थकहरूले आफूलाई पाखा पारिएको महसुस गर्न थालिसकेका छन्। जब प्रधानमन्त्रीका महत्त्वाकांक्षी तर स्रोत नखुलेका योजनाहरूलाई पार्टी र अर्थ मन्त्रालयले रोक्नेछ, तब १८२ सिटको यत्रो ठूलो बहुमत दुई गुटमा बाडिने जोखिम छ । प्रधानमन्त्रीको लहड र पार्टी संयन्त्रको नियमबीचको यो टकरावले संसद्लाई नै बन्धक बनाउन सक्छ ।

उदाहरणका लागि, केही दिनअघि भएको रास्वपा सभापति रवि लामिछानेको नयाादिल्ली भ्रमण हेरौं। यो सामान्य राजनीतिक भेटघाट मात्र थिएन । लिपुलेक प्रकरणमा प्रधानमन्त्रीले लिएको कडा अडानलगत्तै भारतले लामिछानेलाई रातो कार्पेट ओछ्याउनु रणनीतिक कदम हो। भारतीय पक्षले प्रधानमन्त्री शाहलाई हार्डलाइनरका रूपमा हेरेको र नेपालसाग संवाद गर्न लामिछानेलाई सजिलो विकल्पका रूपमा अघि सार्न खोजेको प्रस्ट हुन्छ । यसले आन्तरिक राजनीतिमा प्रधानमन्त्री कूटनीतिक रूपमा एक्लिने र रास्वपाभित्र समानान्तर शक्ति केन्द्र बन्ने जोखिम बढेको छ ।

नतिजा दिने क्षमता र देशको आर्थिक यथार्थ : कर्मचारीतन्त्रको मौन असहयोगको प्रत्यक्ष असर अर्थतन्त्रमा पर्नेछ। २१ खर्बको महत्त्वाकांक्षी बजेट कार्यान्वयन गर्न पुाजीगत खर्च हुनैपर्छ । तर, जब डरका कारण खरिद प्रक्रियाहरू रोकिन्छन्, पुाजीगत खर्च ठप्प हुन्छ । यसले बजारमा पैसाको प्रवाह सुकाउाछ, रोजगारी सिर्जना हुंदैन र राजस्व संकलनको लक्ष्य भेटाउन सकिंदैन। राजस्व नउठेपछि सरकारले आन्तरिक ऋण उठाउनुपर्ने हुन्छ, जसले गर्दा निजी क्षेत्रले पाउने कर्जा खोसिन्छ। आर्थिक वृद्धिदर ६–७ प्रतिशत पुऱ्याउने सरकारको लक्ष्य काम नहुने (डेलिभरी शून्यता) कारण कागजमै सीमित हुने गम्भीर आर्थिक जोखिम हाम्रासामु छ ।

विदेशी शक्तिसागको सन्तुलन र कूटनीतिक जोखिम : अनुभवहीन सरकारले संस्थागत कूटनीतिलाई बेवास्ता गर्दै सस्तो डिजिटल राष्ट्रवादको भरमा परराष्ट्र नीति चलाउन खोज्दा ठूलो जोखिम निम्तिन सक्छ । सरकारले सामाजिक सञ्जालको भीडलाई पनि खुसी पार्ने र संस्थागत कूटनीतिक वार्ता पनि सागै अघि बढाउने बाध्यता हुन्छ, जुन सम्भव छैन ।

अहिले अमेरिका, भारत र चीन सबैले यो सरकारको वास्तविक झुकावलाई भित्रभित्रै जाच गरिरहेका छन्। यस्तो संवेदनशील अवस्थामा, आफना आन्तरिक असफलता ढाकछोप गर्न जनतामाझ दिइने अति–राष्ट्रवादी अभिव्यक्ति वा बीआरआई र अमेरिकी स्वार्थबीचको सन्तुलनमा हुने सानो चुकको मूल्य पनि देशका लागि निकै महागो पर्न सक्छ। कूटनीतिक सन्तुलन अलिकति मात्र बिग्रिनासाथ सीमा नाकामा हुने अघोषित प्रशासनिक नाकाबन्दी, व्यापारिक अवरोध, मौन असहयोग वा वैदेशिक लगानीको रोकावटले हाम्रो अर्थतन्त्रलाई टाट पल्टाउने अवस्थामा पुऱ्याउन सक्छ। नेपालको अर्थतन्त्रलाई बलियो बनाउने हो भने अमेरिका, चीन र भारतसाग विश्वासिलो सम्बन्ध बनाउन सक्नुपर्छ । तर नयाा सरकार बनेको दुई महिनामै भित्रभित्रै गहिरा दरार सिर्जना हुन थालिसकेका छन्। प्रधानमन्त्री बालेनको राष्ट्रवादी अडान, कडा प्रोटोकल र लगत्तै रास्वपा सभापति रवि लामिछानेको उच्चस्तरीय भारत भ्रमणले काठमाडौं र नयाा दिल्लीबीचको शक्ति सन्तुलनमा नयाा तरंग पैदा गरेको छ ।

जनताको मनस्थिति र सामाजिक **सञ्जालको लहड** : रास्वपालाई सत्तामा पुऱ्याउने जेन–जी पुस्ताको मनस्थिति अत्यन्तै अस्थिर छ, अहिले उनीहरू चरम अति–उत्साहमा छन्। उनीहरूको समर्थन मुख्यतया डिजिटल पारदर्शिता र १०० दिने डेलिभरीजस्ता विषयमा टिकेको छ। तर, यो पुस्ताले सार्वजनिक खरिद ऐन वा प्रशासनिक जटिलता बुझ्दैन । उनीहरू सिधै प्रणालीलाई मूल्यांकन गर्छन् । यदि आगामी १८ महिनाभित्र सरकारले परिणाम दिन सकेन भने उनीहरूको बुझाइ द्रुत गतिमा भ्रष्टाचार विरोधीबाट व्यवस्थाविरोधी सोचतिर बदलिनेछ। फेसबुक र टिकटकजस्ता सामाजिक सञ्जालका अल्गोरिदमहरूले प्रयोगकर्तालाई लामो समय अड्याइराख्न सनसनीपूर्ण, भावनात्मक र उग्र–राष्ट्रवादी सामग्रीहरूलाई अत्यधिक बढावा दिने हुनाले विश्वभर नै आममानिसको सोच क्रमशः दक्षिणपन्थी विचारधारातर्फ ढल्किरहेको छ । यसको स्पष्ट प्रमाणका रूपमा युरोप र अमेरिकामा स्थापित हुादै गएको चरमपन्थी पपुलिस्ट लहर र नेपालमै पनि तिनै टिकटक र फेसबुकमार्फत युवा पुस्ताको व्यवस्थाप्रतिको निराशालाई भजाएर हिन्दु राष्ट्र तथा राजतन्त्र पुनःस्थापनाको पक्षमा भइरहेको तीव्र विभाजनलाई लिन सकिन्छ ।

**सम्भावित परिदृश्य**

माथि उल्लिखित पााच जोखिमले एक्लाएक्लै काम गर्दैनन्। जब जनताको यो अस्थिर र उग्र मनस्थिति अघि चर्चा गरिएका प्रशासनको मौन असहयोग, पार्टीको आन्तरिक कलह, कमजोर अर्थतन्त्र र कूटनीतिक जोखिमसाग एकआपसमा ठोक्किन्छ, तब देशको राजनीतिले कस्तो मोड लिन सक्ला त ? यिनै पााच बाधाहरूको आपसी टकरावबाट आगामी दिनका लागि चार वटा स्पष्ट परिदृश्यहरू निर्माण हुने सम्भावना छ :

**प्रशासनको असहयोग र सस्तो राष्ट्रवादको बाटो**

कर्मचारीतन्त्रको मौन असहयोगले पुाजीगत खर्च न्यून विन्दुमा झर्न सक्छ । सयदिने लक्ष्यहरू असफल हुन सक्छन् ।

आफनो खस्किादो लोकप्रियता बचाउन प्रधानमन्त्रीले कर्मचारीतन्त्रलाई डिप स्टेट भन्दै सार्वजनिक रूपमा गाली गर्न सक्छन् र उग्र–राष्ट्रवादको सहारा लिन सक्छन् ।

## मनोरञ्जन खबर

# रोनिश र तोशारा मिस्टर एण्ड मिस एसईई आइकन २०२६ घोषित

चन्द्रपुर सम्वाददाता
जेठ २७ गते ।

मिस्टर एण्ड मिस एसईई आइकन २०२६ (सिजन १३) मा तोशारा धनाहा मगर र रोनिश मानन्धर विजेता घोषित भएका छन् । तोशारा किशोरीतर्फ र रोनिश किशोरतर्फ विजेता बनेका हुन् । विजेता दुवैले नगद २ लाख रुपैया सहित उपाधि हात परे।

नवप्रतिभाहरूको व्यक्तित्व, प्रतिभा र सिर्जनात्मक क्षमताको पहिचान गराउने उद्देश्यले आयोजित प्रतियोगितामा किशोरीतर्फ क्रिजल लिम्बु फस्ट रनर्सअप तथा आभा राजोपाध्याय सेकेण्ड रनर्सअप, दिमा तिमल्सिना थर्ड रनर्सअप र स्मारिका तामाङ फोर्थ रनर्सअप चुनिादा सुहासी खड्गी फिफथ रनर्सअप भइन् । त्यस्तै, किशोरतर्फ ओजल ढाख्वा फस्ट रनर्सपअ तथा सुप्रित लामिछाने सेकेन्ड रनर्सअप भए। प्रतियोगितामा विभिन्न विशेष विधाअन्तर्गत पनि सहभागीहरू पुरस्कृत भए ।




किशोरीतर्फ स्मारिका तामाङ मोस्ट पपुलर विनर, थेरेशा शाही पब्लिक च्वाइस विनर तथा सरगम साउद मोस्ट एक्टिभ घोषित भए। यस्तै, यशस्वी शाक्यले ब्यूटी विथ ब्रेन, आभा राजोपाध्यायले मिस ट्यालेन्ट, सुहासी खड्गीले मोस्ट फोटोजेनिक, कृति शाक्यले बेस्ट स्टोरीटेलिङ र बेस्ट कन्टेन्ट क्रिएटर तथा तोशारा धनाहा मगरले फेसन आइकनको उपाधि जितिन्। किशोर तर्फ स्वरुप बिष्ट मोस्ट पपुलर विनर , रोनिश मानन्धर पब्लिक च्वाइस विनर र मोस्ट इन्टेलिजेन्ट, सुसन मोक्तान तामाङ मिस्टर र्याम्पवाक तथा स्वरुप बिष्ट मोस्ट फोटोजेनिक र मिस्टर ह्यान्डसम घोषित भए। प्रतियोगिताको निर्णायक मण्डलमा वरिष्ठ शिक्षाविद् डा. लाक्पा शेर्पा, वरिष्ठ ड्रेस डिजाइनर सोनाम सुब्बा लिम्बु तथा इभेन्ट म्यानेजर कामना पौडेल रहेका थिए ।

कार्यक्रमको कोरियोग्राफी सुमी बानियाले गरेकी थिइन् । आयोजक संस्था एएनपी मिडिया हाउसका प्रबन्ध निर्देशक लब बहादुर कार्कीका अनुसार विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा उजागर गर्दै उनीहरूलाई व्यक्तित्व विकास र सौन्दर्य क्षेत्रतर्फ प्रोत्साहित गर्ने उद्देश्यले मिस्टर एण्ड मिस एसईई आइकन प्रतियोगिता हरेक वर्ष आयोजना गरिँदै आएको छ।

# ट्रम्प र नेतन्याहुबीच खटपट



चन्द्रपुर सम्वाददाता
जेठ २७ गते ।

राष्ट्रपति डोनाल्ड ट्रम्पको अनिच्छाका बाबजुद मध्यपूर्वमा अमेरिका पुनः एक पटक ठुलो सैन्य द्वन्द्वमा फस्ने खतरा बढेको छ । विगत २४ घण्टामा राष्ट्रपति ट्रम्पले इजरायल र इरानलाई ठुलो युद्धको मुखबाट केही समयका लागि पछि तान्न सफल भएपनि यो शान्ति कति समय टिक्छ भन्ने सुनिश्चित छैन । द्वन्द्व सुरु भएको १०० दिन पुग्दा पनि ट्रम्पले युद्ध अन्त्य गर्ने कुनै ठोस सम्झौता गराउन सकेका छैनन् । यस घटनाक्रममा ट्रम्प दोहोरो मारमा परेका छन् । एकातिर इरानी मिसाइल आक्रमणको जवाफ नदिई बस्न आफना प्रमुख सहयोगी इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुका लागि असम्भव जस्तै थियो भन्ने उनले बुझेका थिए । अर्कातिर , यो आक्रमण–प्रत्याक्रमणको शृख्लाले पूर्ण रूपमा युद्ध निम्त्याउनेमा उनी चिन्तित थिए । एक्सियोस संगको एक फोन अन्तर्वार्तामा ट्रम्पले आफूले नेतन्याहुलाई चेतावनी दिदैं यदि उनी इरानसंग फेरि युद्धमा होमिए इजरायलले एक्लै लड्नुपर्ने परिस्थिति आउन सक्ने बताएको खुलासा गरेका छन् । यो पछिल्लो तनाव आइतबार बिहान इजरायलले बेरुतमा हिजबुल्लाहको सैन्य स्थानमा हमला गरेपछि सुरु भएको हो । इजरायली स्रोतका अनुसार, इजरायली सेनाले यस हमलाको पूर्वजानकारी अमेरिकी सेन्ट्रल कमान्डलाई दिएको भए पनि ह्वाइट हाउसलाई भने दिएको थिएन । केही दिनअघि मात्रै फोन गरेर इजरायलको यस्तै योजनालाई रोकेका ट्रम्प यस हमलाबाट निकै असन्तुष्ट बनेका थिए । इजरायलले बेरुतमा हमला गरेमा जवाफी मिसाइल प्रहार गर्ने प्रतिबद्धता जनाएको इरानले त्यसपछि इजरायलतर्फ मिसाइलको वर्षा गर्‍यो । यसपछि परिस्थितिलाई नियन्त्रणमा लिन ह्वाइट हाउसले पर्दा पछाडि तीव्र कूटनीतिक प्रयास सुरु गर्‍यो । आइतबार साझ ट्रम्पले नेतन्याहुलाई फोन गरेर जवाफी कारबाही नगर्न आग्रह गरे ।

ट्रम्पले कि त केही दिनमै इरानसंग सम्झौता हुने र यो सैन्य टकरावको आवश्यकता नै नरहने, अथवा सम्झौता नभए इरान विरुद्धको हमलाको नेतृत्व आफैले गर्नसक्ने तर्क गरे । केही दिनअघि ट्रम्पले नेतन्याहुलाई पागल भन्दै चिच्याएको फोन वार्ताको तुलनामा यो संवाद निकै शान्त र शिष्ट भएको अधिकारीहरूले बताएका छन् । तर , नेतन्याहुले इरानी हमलाको जवाफ नदिनु इजरायल, अमेरिका र ट्रम्पले गरिरहेको वार्ताका लागिसमेत घातक हुने तर्क गरे । इरानविरुद्ध कदम नचाल्दा इरानको हात माथि पर्ने र उसले अमेरिका तथा इजरायललाई तर्साउनसक्ने सन्देश जाने नेतन्याहुको बुझाइ थियो । यो कुराकानी नेतन्याहुको स्पष्ट निर्णयबिना नै टुगियो । ट्रम्पले आक्रमणको विरोध गरे पनि कडा रूपमा नरोकेको ठानेर नेतन्याहुले आफना सैन्य कमान्डरहरूसागको बैठकपछि हमला अगाडि बढाउने निर्णय ह्वाइट हाउसलाई सुनाए ।

ट्रम्पले अन्तर्वार्तामा इजरायलले निकै ढिलो जानकारी दिएको र जहाजहरू उडिसकेको भए पनि आफूले इजरायली हमलालाई सीमित गराएको दाबी गरे । इजरायलले इरानको सबैभन्दा ठुलो पेट्रोकेमिकल प्लान्ट र तेहरानका अन्य क्षेत्रमा बमबारी गरेपछि इरानले पनि तेल अवीवलाई निशाना बनाएर पुनः मिसाइल प्रहार गर्‍यो । सोमबार बिहान दुवै पक्षबिच दुई चरणसम्म हमला र प्रत्यामला भए, जसले स्थिति पूर्ण युद्धको नजिक पुर्‍यायो । यस हमलामा अमेरिकी सेना सहभागी नभए पनि इरानी मिसाइलहरू खसाल्न उसले इजरायललाई मद्दत गरेको थियो । ट्रम्पका अनुसार सो क्षेत्रका पााच देशले उनलाई फोन गरेर नेतन्याहुलाई रोक्न दबाब दिन आग्रह गरेका थिए । सोमबार बिहान इरानले पनि यदि इजरायल रोकिन्छ भने आफूहरू पनि थप हमला नगर्न तयार रहेको सन्देश अमेरिकालाई पठाएको ट्रम्पले बताए । तर, इजरायल सोमबार इरानका दर्जनौा संवेदनशील स्थानमा अहिलेसम्मकै ठुलो आक्रमणको तयारीमा थियो । त्यसपछि ट्रम्पले पुनः नेतन्याहुलाई फोन गरेर कडा चेतावनी दिंदै भने, तिमीले सावधानी अपनाउनु राम्रो हुन्छ, नत्र तिमी चाडै एक्लो पर्नेछौं । ट्रम्पको यस कडा चेतावनीपछि नेतन्याहुले आफना सैन्य कमान्डरहरूलाई ती हमलाहरू र द्द गर्न निर्देशन दिए ।

ट्रम्पले अझै पनि इरान सम्झौताका लागि तयार रहेको र इरानलाई आणविक हतियार बनाउनबाट रोक्ने एक उत्कृष्ट सम्झौता चाडै हुने दाबी गरिरहेका छन् । तर, इरानका संसदीय सभामुख तथा मुख्य वार्ताकार मोहम्मद–बाघेर घालिबाफले ट्रम्पका दाबीहरू सम्झौताको मस्यौदा विपरित रहेको भन्दै आफूहरूलाई अमेरिकामाथि कुनै विश्वास नभएको बताएका छन् ।

## स्वास्थ्य खबर

# स्क्रिनिङदेखि निदानसम्म : बच्चामा हुने डाउन सिन्ड्रोम कसरी पत्ता लाग्छ ?

चन्द्रपुर सम्वाददाता
जेठ २७ गते ।

हरेक बच्चा फरक हुन्छ, आफनै विशेषता र सम्भावनासहित जन्मिन्छ । तर केही बच्चाहरू यस्ता पनि हुन्छन्, जसको विकास सामान्यभन्दा अलि फरक ढङले हुन्छ । यस्तै, एउटा अवस्था हो डाउन सिन्ड्रोम । डाउन सिन्ड्रोम जन्मजात देखिने एक किसिमको अवस्था हो, जसले बच्चाको शारीरिक बनावट, सिक्ने क्षमता र विकासको गतिमा प्रभाव पार्छ । समाजमा अझै पनि यसबारे सचेतना कम छ । त्यसैले, सही जानकारीले यसलाई सहज रूपमा बुझ्न र स्वीकार्न मद्दत गर्छ । त्यसैले, डाउन सिन्ड्रोम के हो ? किन हुन्छ ? कसरी पत्ता लाग्छ, भन्ने विषयमा स्पष्ट जानकारी हुनु आवश्यक छ ।

**डाउन सिन्ड्रोम कस्तो समस्या ?**

डाउन सिन्ड्रोम भनेको जन्मजात प्राप्त हुने गुणसुत्र (क्रोमोजोम) सम्बन्धी एउटा अवस्था हो, जसले बच्चाको शारीरिक र मानसिक विकासमा फरक पार्छ । हाम्रो शरीर साना–साना कोषिकाबाट बनेको हुन्छ र प्रत्येक कोषिकाभित्र क्रोमोजोम हुन्छन् । यी क्रोमोजोमले हाम्रो शरीर कसरी बन्ने, कस्तो देखिने र कसरी काम गर्ने भन्नेकुराको ब्लुप्रिन्टजस्तै काम गर्छन् । सामान्यतया मानिसमा ४६ वटा (२३ जोडी) क्रोमोजोमहरू हुन्छन् । यी क्रोमोजोमहरू २३ वटा आमाबाट र २३ वटा बुबाबाट आउाछ ।

यसरी आमाको डिम्बमा भएको २३ वटा क्रोमोजोम र बुबाको शुक्रकीटमा भएको २३ वटा क्रोमोजोम मिलेर एउटा बच्चाको जन्म हुन्छ । यदि कुनै व्यक्तिको कोषिकामा २१ नम्बरको एउटा क्रोमोजोम अतिरिक्त भएमा डाउन सिन्ड्रोम हुन्छ ।



यसमा २१ नम्बरको क्रोमोजोम अतिरिक्त हुने भएकोले यसलाई ट्राइसोमी २१ पनि भनिन्छ । यही अतिरिक्त क्रोमोसोम २१ का कारण बालबालिकाको वृद्धि विकास फरक किसिमले हुन्छ जसलाई डाउन सिन्ड्रोम भनिन्छ ।

**डाउन सिन्ड्रोम किन हुन्छ ?**

यो समस्या आमा वा बुबाको रोग, खानपिन वा कुनै गल्तीको कारण आउने समस्या होइन । डाउन सिन्ड्रोम हुनुको मुख्य कारण भनेको क्रोमोजोम छुट्टिने प्रक्रियामा हुने गल्ती हो । मानिसको प्रजनन् अंगमा शुक्रकीट (पुरूष) र डिम्बको (महिला ) विकास हुन्छ । यो प्रजनन अंगमा शुक्रकीट र डिम्ब बन्ने बेलामा २३ जोडी (४६) क्रोमोजोमको बराबरी भाग लागेर एउटा कोषिकाबाट (४६ क्रोमोसोम) बाट दुई ओटा कोषिका बन्छ (२३ ओटा क्रोमोसोम भएको ) यही प्रक्रियामा गल्ति भएर कहिलेकाहीं अतिरिक्त क्रोमोजोम भएको शुक्रकीट अथावा डिम्ब बन्न सक्छ । जसमा २३ वटा क्रोमोजोमको सट्टा २४ वटा क्रोमोजोम हुन्छ ।

हाम्रो प्रजनन् अंगमा शुक्रकीट (पुरूष) र डिम्बको (महिला ) विकास हुने क्रममा कहिले कहीा हुने यस प्रक्रिया गल्तीलाई चिकित्सकीय भाषामा नन–डिसजक्त्सन भनिन्छ । यस अवस्थामा क्रोमोजोमहरू छुट्टिन नसकेर एउटै कोषिकामा जम्मा हुन्छ । डाउन सिन्ड्रोममा २१ नम्बरको क्रोमोजोम छुट्टिन नसकेर एउटै कोषिकामा २ ओटा जम्मा हुन्छ र बच्चामा जम्मा ३ वटा कपी पुग्छ ।

यसको ठोस कारण आजसम्म पत्ता लागेको छैन । तर आमाको उमेर बढे सागै डाउन सिन्ड्रोमको जोखिम बढ्ने धेरै वटा वैज्ञानिक अध्ययनहरूमा देखिएको छ । विशेषगरी आमाको उमेर ३५ वर्षपछि यसको जोखिम धेरै बढेर जान्छ ।

**कति प्रकारको हुन्छन् ?**

डाउन सिन्ड्रोम तीन प्रकारका हुन्छन् । ट्राइसोमी २१, ट्रान्सलोकेसन डाउन सिन्ड्रोम र मोजाइक डाउन सिन्ड्रोम ।

**१. ट्राइसोमी २१**

ट्राइसोमी २१ डाउन सिन्ड्रोमको सबैभन्दा सामान्य प्रकार हो । यस अवस्थामा बच्चाको शरीरका सबै कोषिकामा २१ नम्बरको क्रोमोजोम ३ वटा हुन्छन्, जबकि सामान्यतया २ वटा मात्र हुनुपर्छ । यो समस्या नन–डिसजक्त्सन भन्ने प्रक्रियागत गल्तीका कारण हुन्छ, जहा क्रोमोजोमहरू ठीकसाग छुट्टिंदैनन् । करिब ९४ प्रतिशत डाउन सिन्ड्रोमका केसहरू यही प्रकारका हुन्छन् । यसले बच्चाको शारीरिक बनावट, बौद्धिक विकास र स्वास्थ्यमा प्रभाव पार्छ ।

२. ट्रान्सलोकेसन डाउन सिन्ड्रोम

ट्रान्सलोकेसन डाउन सिन्ड्रोमको २१ नम्बरको क्रोमोसोम अर्को कुनै एक्रोसेन्ट्रिक क्रोमोजोमसाग (१३, १४, १५, २१ वा २२) जोडिएको हुन्छ । यस्तो अवस्थालाई रोबर्टसोनियन ट्रान्सलोकेसन भनिन्छ । यसमा अतिरिक्त क्रोमोजोम छुट्टै नभई अन्य क्रोमोसोममा जोडिएर बसेको हुन्छ । यो करिब ४ प्रतिशत केसमा देखिन्छ । कहिलेकाहीा यो वंशाणुगत पनि हुनसक्छ, अर्थात् आमा वा बुबा मध्ये कसैमा यस्तो संरचनात्मक परिवर्तन हुनसक्छ जसलाई क्यरिएर भनिन्छ । यसका लक्षणहरू ट्राइजोमी २१ जस्तै नै हुन्छ ।

जि.प्र.का.रौ. दर्ता नं. १०९
जनताको आवाज
चन्द्रपुर राष्ट्रिय दैनिक
CHANDRAPUR NATIONAL DAILY

चन्द्रपुर राष्ट्रिय दैनिक बजारमा सर्वत्र उपलब्ध छ ।

अब हरेक खबरको पहरेदार चन्द्रपुर राष्ट्रि दैनिक

तपाईहरुको गाउँ सहरहरुमा सर्वत्र उपलब्ध रहेको छ ।
कुनै पनि खबर र सुचना भए हामिलाई सम्झनुस ।
सम्पर्क नं.:- ९८५५०४११११
९८२०५४११११

# संसदीय छानबिनको औचित्यमाथि प्रश्न, अर्थमन्त्रीको कानुनी प्रतिरक्षा

चन्द्रपुर सम्वाददात
जेठ २७ गते ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसदीय समितिमा विस्तृत स्पष्टीकरण दिएका छन्। बुधबार प्रतिनिधि सभाअन्तर्गत अर्थसमितिमा बजेटमा करका दर हेरफेरका विषय देखिएको विवादको स्पष्टिकरण दिएका हुन् । आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा आर्थिक विधेयकमा उत्पन्न करका दर हेरफेर र विधेयकका पाना परिमार्जनसम्बन्धी विवाद संसदमा समेत पुगेको छ । उक्त विषयमा अर्थमन्त्री वाग्लेले अर्थसमितिमा बजेटको आर्थिक विधेयकलाई वेबसाइटमा राखिएको विवरणमा पानाको संख्या फरक परेको विषय प्राविधिक त्रुटि मात्र भएको दाबी गरेका छन्। करका दर हेरफेरको विषयलाई लिएर सिर्जना गरिएको विवादमा अर्थमन्त्री डा. वाग्लेले राजनीतिक स्वार्थप्रेरित रणनीति लुकेको आरोप लगाएका छन् । विपक्षी दलहरूले आफनो राजीनामा मागिरहेको र संसदीय छानबिनको दबाब दिइरहेको विषयमा टिप्पणी गर्दै उनले यसलाई समग्र सरकार र नयाा राजनीतिक नेतृत्वलाई कमजोर पार्ने खेलको रूपमा चित्रण गरे ।



अर्थमन्त्री वाग्लेले आफूमाथि लागेको आरोपहरूको प्रतिरक्षा गर्ने क्रममा प्रधानमन्त्री बालेन्द शाह (बालेन) को प्रसंगसमेत जोडे । उनले करका दर हेरफेरको मुद्दालाई अतिरञ्जित बनाएर आफूलाई मात्र नभई प्रधानमन्त्री बालेन्द्र शाहलाई समेत विवादित र लाञ्छित गर्ने प्रयास भइरहेको दाबी गरे। नयाा राजनीतिक शक्ति र यसको जनमतलाई कतिपय स्थापित पक्षहरूले सहज रूपमा स्वीकार गर्न नसकेको अवस्थामा नियोजित रूपमा यस्ता विवादहरू सतहमा ल्याइएको उनको भनाइ थियो । सानातिना प्राविधिक विषयलाई लिएर संसदीय छानबिनजस्तो गम्भीर हतियारको दुरुपयोग नगर्न सचेत गराउादै उनले राजनीतिक स्वार्थका लागि नेतृत्वमाथि हिलो छ्याप्ने प्रवृत्ति बन्द हुनुपर्ने धारणा राखे ।

अर्थमन्त्री डा. वाग्लेले भने, रास्वपाको म्यान्डडेटबाट अझै पचिसकेको छैन एउटा ठुलो वर्गलाई । कसरी हुन्छ लाञ्छित गर्ने, प्रधानमन्त्रीलाई विवादित बनाउने, प्रधानमन्त्रीपछि अर्थमन्त्रीलाई बनाउने, यत्ति हो। आफूले ल्याएको बजेट ऐतिहासिक भएको जिकिर गर्दै अर्थमन्त्री वाग्लेले समाजमा भ्रम सिर्जना हुने गरी करका दर हेरफेर भएको भनेर भनिएको दाबी गरे । सञ्चारमाध्यमको कार्यशैलीमाथि

अर्थमन्त्रीको असन्तुष्टि

अर्थमन्त्री डा. वाग्लेले सञ्चार माध्यमहरूको भूमिकाप्रति गम्भीर असन्तुष्टि र आक्रोश व्यक्त गरे । आफू सञ्चारक्षेत्रसाग सधैं मैत्रीपूर्ण सम्बन्धमा रहेको उल्लेख गरे पनि पछिल्लो समय मिडियाले आर्थिक र कानुनीजस्ता जटिल विषयहरूमा परिपक्वता देखाउन नसकेको आरोप उनले लगाए । उनले भने,सञ्चार क्षेत्रमा पनि बुझाइको कमी र सञ्चार समन्वयको अभाव देखियो। सूचनाको सत्यतथ्य नबुझीकन सतही रूपमा बजेट र आर्थिक विधेयकका विषयमा नकारात्मक प्रचार गर्दा त्यसले जनतामा भ्रम छर्ने र बजारमा अस्थिरता ल्याउने काम गरे। नीतिगत विषयमा पत्रकारिताको विश्वसनीयता बढ्नुका साथै सही र तथ्यपरक सूचना प्रवाहमा मद्दत पुगेको छ । अर्थमन्त्रीले सञ्चार माध्यमहरूमा ठुलो सञ्चार समन्वयको अभाव रहेको र विषयवस्तुको गहिराइ नबुझीकन सतही रूपमा समाचार सम्प्रेषण गर्ने गरिएको भन्दै आलोचना गरे ।

बुझीकन र तथयहरू प्रमाणिकरण नगरीकन लेखिने समाचारले सम्बन्धित व्यक्ति वा संस्थाप्रतिको दृष्टिकोणलाई गलत दिशामा लैजाने उनको भनाइ थियो। कम्तीमा पनि आर्थिक विधेयक जस्तो संवेदनशील विषयमा समाचार लेख्नुअघि सम्बन्धित अधिकारीहरूसाग सोधेर स्पष्ट हुनुपर्नेमा त्यसो नगरिएको भन्दै उनले रोष प्रकट गरे ।

## भारतबाट ५० हजार मेट्रिक टन मल आउने निश्चित, खरिद प्रक्रिया अन्तिम चरणमा



चन्द्रपुर सम्वादाता
जेठ २७ गते ।

विश्वव्यापी आपूर्ति शृङ्खलामा देखिएका चुनौती र रासायनिक मलको उपलब्धतामा आएको ह्रासका बाबजुद भारतले नेपाललाई ५० हजार मेट्रिक टन रासायनिक मल उपलब्ध गराउने भएको छ। नेपाल सरकारको विशेष आग्रहमा सरकार–सरकार (जीटूजी) सम्झौताअन्तर्गत पहिलो चरणमा ३० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी मल सहुलियत दरमा उपलब्ध गराउन लागिएको हो। कृषि सामग्री कम्पनी लिमिटेडका अध्यक्ष तथा कृषि, वन तथा पर्यावरण मन्त्रालयका सहसचिव डा. रामकृष्ण श्रेष्ठका अनुसार मन्त्रिपरिषद्को गत वैशाख ११ गतेको बैठकले भारतबाट ६० हजार मेट्रिक टन युरिया र ४० हजार मेट्रिक टन डीएपी मल खरिद गर्नका लागि नीतिगत स्वीकृति प्रदान गरेको थियो। उक्त स्वीकृतिका आधारमा नेपाल र भारतबिच सम्पन्न जीटूजी समझदारी पत्र बमोजिम तोकिएका दुई सरकारी कम्पनीहरूले हस्ताक्षर गरेका थिए । नेपालको तर्फबाट कृषि सामग्री कम्पनी लिमिटेड र भारतको तर्फबाट राष्ट्रिय केमिकल्स एण्ड फर्टिलाइजर्स लिमिटेड बिच व्यावसायिक खरिद प्रक्रिया अघि बढाइएको हो ।

प्रक्रियाको पहिलो चरणमा कृषि सामग्री कम्पनीले भारतको आरसीएफलाई आवश्यक मलको परिमाण र मूल्य दररेट माग गर्दै पर्चेज एक्विजिस पठाएको थियो ।

त्यसपश्चात आरसीएफले भारतमा आन्तरिक रूपमा बोलपत्र (टेन्डर) प्रक्रिया पूरा गरी प्राप्त भएको मूल्य दररेट नेपाललाई पठाएको थियो । प्राप्त दररेट प्राप्त भएपछि दुवै देशका अधिकारीहरू सम्मिलित जीटूजी संयन्त्रको संयुक्त स्टेयरिङ कमिटीको भर्चुअल बैठक बसेको थियो । उक्त बैठकको सह–अध्यक्षता नेपालको तर्फबाट सहसचिव डा. रामकृष्ण श्रेष्ठ र भारतको तर्फबाट त्यहााको रासायनिक मल विभागका सहसचिवले गरेका थिए। बैठकमा नेपालको वित्तीय अवस्था र आन्तरिक स्रोतको उपलब्धतालाई मध्यनजर गर्दै पहिलो चरणका लागि ३० हजार मेट्रिक टन युरिया र २० हजार मेट्रिक टन डीएपी खरिद गर्ने निर्णयलाई अनुमोदन गरिएको थियो । डा. श्रेष्ठका अनुसार आरसीएफले आवश्यक मल व्यवस्थापन गर्नुका साथै नेपालका लागि सहुलियत दरमा उपलब्ध गराउन विशेष समन्वय गरेको छ।

पर्चेज अर्डर र कार्यदेश जारी, भुक्तानीको तयारी

जेएससीको बैठकबाट खरिद परिमाण र मूल्य अनुमोदन भएसागै नेपालको तर्फबाट औपचारिक प्रक्रियाहरू तीव्र पारिएको छ। कृषि सामग्री कम्पनीले आरसीएफलाई औपचारिक पर्चेज अर्डर र आपूर्ति कार्य सुरु गर्नका लागि आवश्यक कार्यदेश पठाइसकेको छ।

हामीले पर्चेज अर्डर र कार्यदेश पठाइसकेका छौ र हाल प्रक्रियाअनुसार पैसा पठाउने (भुक्तानीको) अन्तिम अवस्थामा छौ, डा. श्रेष्ठले जानकारी दिए ।

मल नेपाल कहिले आइपुग्छ ?

औपचारिक सम्झौता अनुसार पर्चेज अर्डर प्राप्त भएको १२० दिनभित्र भारतीय कम्पनीले मल आपूर्ति गरि सक्नुपर्ने प्रावधान छ ।

# कसरी हुन्छ दरबार हत्याकाण्डको अनुसन्धान ?

चन्द्रपुर सम्वाददाता
जेठ २७ गते ।

गृहमन्त्री सुधन गुरुङले मंगलबार पदबहाली गर्दै २५ वर्षअघिको दरबार हत्याकाण्डबारे छानबिन प्रक्रिया अघि बढाउने निर्णय गरे। निर्णयमा भनिएको छ, २०५८ जेठ १९ मा भएको नारायणहिटी हत्याकाण्ड बारे यसअघि भएका अनुसन्धान प्रतिवेदन अध्ययन गरी थप छानबिनको प्रक्रिया अगाडि बढाउने ।



दरबार हत्याकाण्डमा परेर तत्कालीन राजा वीरेन्द्र, रानी ऐश्वर्य, युवराज दीपेन्द्र, अधिराजकुमार नीराजन, अधिराजकुमारी श्रुतिसहित १० जनाको मृत्यु भएको थियो। सर्वोच्च अदालतका तत्कालीन प्रधान न्यायाधीश केशवप्रसाद उपाध्याय र तत्कालीन सभामुख तारानाथ रानाभाटले नेतृत्व गरेको उच्चस्तरीय समितिले त्यसबारे छानबिन गरेर प्रतिवेदन बुझाएको थियो। सो समितिले मदिराले मातेका युवराज दीपेन्द्र घटनामा दोषी रहेको निष्कर्षसहितको प्रतिवेदन बुझाएको थियो । गृहमन्त्रीको निर्णय अनुसार सो प्रतिवेदन अध्ययन गरेर घटनाबारे थप छानबिन हुनेछ । त्यस्तो छानबिन अर्को समितिबाट गर्ने वा आयोग बनाउने भन्नेबारे प्रस्ट भइसकेको छैन । गृह मन्त्रालयका प्रवक्ता (सहसचिव) आनन्द का☐लेले सैद्धान्तिक रूपमा गृहमन्त्रीस्तरीय निर्णय भएको तर, कसरी छानबिन अघि बढाउने भन्ने तय हुन बााकी नै रहेको बताए। २५ वर्षअघिको घटना भएका हुनाले अहिले सत्यतथ्य पत्ता लगाउन सहज छैन। मुलुकी अपराध संहिता अनुसार हत्या कसुरमा प्रमाण नखुलेमा २० वर्षसम्म अनुसन्धान गरेर मुद्दा अदालतमा लैजाने हदम्याद हुन्छ । मुलुकी अपराध संहिता २०७४ को दफा १८७ अनुसार आरोपितको पहिचान खुलेमा जुनसुकै बेला पनि अनुसन्धान गरेर अभियोजन गर्न सकिने व्यवस्था छ। त्यस्ता मुद्दामा अनुसन्धान गर्ने निकाय प्रहरीले घटनास्थलमा भेटिएको दसी, प्रमाण सङ्कलन र घटनास्थल जााच मुचुल्का गरेर राख्नुपर्छ । दरबार हत्याकाण्डको जाहेरी दर्ता र पोष्टमार्टम समेत नहुादा सो घटनामा प्रहरीको ▪प्रवेश नै भएको छैन । पूर्वडीआईजी हेमन्त मल्लले भने, ...दरबार हत्याकाण्डमा प्रहरीले प्रवेश नै गर्न पाएको छैन । त्यसैले प्रमाणमुखी अनुसन्धान अब निकै कठिन हुन्छ ढंगले दरबार हत्याकाण्डको व्याख्या गर्ने र पुस्तक प्रकाशन गरिरहेका छन् । प्रहरीलाई अनुसन्धान गर्ने जिम्मेवारी दिएमा घटनाको यकिन तथ्यमात्रै प्राप्त हुनसक्ने पूर्वडीआईजी मल्लले बताए । उनले भने, स्टोरी टेलिङको हिसाबमा यसमा स्पष्ट तथ्यचाहि आउला, तर अभियोजन गर्नेगरी अनुसन्धानको रिजल्ट दिन सम्भव देखिादैन। दरबार हत्याकाण्डमा परिवार गुमाएका र हत्याको घटना हुादा घटनास्थलमै रहेका गोरखा शमशेर राणा र तत्कालीन मुमा बडामहारानी रत्न राज्यलक्ष्मी देवी शाह लगातयका पात्रहरूसंग अनुसन्धान अधिकृतहरूले सोधपुछ गर्दा यकिन तथ्य आउन सक्ने प्रहरीका अधिकृत बताउाछन्। पूर्वएआईजी सुरेन्द्र बहादुर शाहले दरबार हत्याकाण्डको अनुसन्धान नहुनुमा घटनालाई राजनीतिक रूपमा लिइएको बताएका छन् । पत्रकार सुधिर शर्मासाग अनि अब नामक कार्यक्रमका कुरा गर्दै शाहले भनेका छन्, दरबार हत्याकाण्डलाई व्यावसायिक रूपले हेरिएन । शाह प्रहरी निरीक्षक हुादा २०४७ देखि २०४९ सम्म तत्कालीन राजा वीरेन्द्रको एडीसी थिए। घटना भएको दिन राति १ बजे छाउनीस्थित सैनिक अस्पतालमा पुगेकी मुमा बडा महारानी रत्नले दीपेन्द्रलाई हेर्दै नहेरेको शाहले बताएका छन्। घटना थाहा पाएपछि आफू र तत्कालीन आईजीपी स्वर्गीय प्रदिप शमशेर जबरा रातभर छाउनी अस्पतालमा गएर बसेको शाहले बताएका छन्।

## आगामी निर्वाचनपछि बागमती प्रदेश सरकारको नेतृत्व उज्यालो नेपाल पार्टीले गर्छ: कुलमान घिसिङ

चन्द्रपुर सम्वाददाता
जेठ २७ गते ।

उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले आगामी प्रदेश सभा निर्वाचनपछि बागमती प्रदेश सरकारको नेतृत्व आफनो पार्टीले गर्ने दाबी गरेका छन्।

बुधबार काठमाडौंमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै उनले आगामी स्थानीय तह तथा प्रदेश सभा निर्वाचनमा आफनो पार्टीले सशक्त उपस्थिति जनाउने दाबी गरेका हुन्। विगतको निर्वाचनमा पराजय बेहोर्नु परे पनि आगामी २०८४ सालमा हुने स्थानीय तथा प्रदेश सभाको निर्वाचनमा उज्यालो नेपाल पार्टीले धेरै स्थानमा विजय हासिल गर्ने उनको भनाइ छ। विशेष गरी बागमती प्रदेशमा सरकार बनाउने उद्देश्यका साथ पार्टीले काम गरिरहेको उल्लेख गर्दै उनले बागमतीका साथै अन्य प्रदेशहरूमा पनि सरकार बनाउने लक्ष्य राखिएको प्रस्ट पारे। पार्टीले बागमती प्रदेशलाई राजनीतिक विस्तारको केन्द्र बनाएर देशैभर संगठन सुदृढीकरण तथा विस्तारको अभियानलाई तीव्र पारिरहेको उनले जानकारी दिए। अध्यक्ष घिसिङले विगतमा राजनीतिक अनुभवको कमीका कारण आफूहरू राजनीतिक षड्यन्त्रमा फसेको स्वीकार गर्दै अबका दिनमा कसैको षड्यन्त्रको सिकार नहुने प्रतिबद्धता व्यक्त गरे। पार्टीको अस्तित्व र पहिचान जोगाउन आफू अन्तिमसम्म लागिरहने बताउादै उनले अब जनताको विश्वास जितेर उज्यालो नेपाल पार्टीलाई देशको प्रमुख राजनीतिक शक्तिका रूपमा स्थापित गर्ने दाबी गरे।

आफनो धारणा राख्ने क्रममा अध्यक्ष घिसिङले भने, हिजो हामी केही समय अलमलिऔंा। राजनीति सुरु गरेपछि, राजनीतिमा लागेपछि धेरै कुरा जान्नुपर्दो रहेछ। षड्यन्त्र गर्न पनि जान्नुपर्दो रहेछ। हामी षड्यन्त्र गर्ने परेनौ, षड्यन्त्रमा फस्यौं। अब षड्यन्त्र होइन, हामी यो देशको एउटा सशक्त पार्टीको रूपमा, शक्तिको रूपमा जनताको विश्वास कमाएर स्थापित हुनेछौं। हामी चुनाव हार्‍यौं। आज चुनाव हारेको पार्टी, संसदमा हामी एकजना पनि छैनौं। तर देशैभरि उज्यालो पार्टीमा प्रवेश गर्नेको लहर चलेको छ, त्यो त्यसै चलेको छैन होला।

उज्यालो पार्टीको भविष्य देखेर, यसको उद्देश्य देखेर, यसको भिजन देखेर र यसको नेतृत्व देखेर आउनुभएको होला। उहााहरूको जुन किसिमको विश्वास छ, हामीले त्यो विश्वासलाई अगाडि बढाएर आगामी निर्वाचनहरूमा र त्यसपछिका निर्वाचनहरूमा उज्यालो नेपाल पार्टीलाई एक नम्बरको पार्टी बनाएर मात्रै हामी विश्राम लिनेछौंा। विगतको चुनावअघि जनता र कार्यकर्तामा ठूलो अपेक्षा भए पनि निर्वाचनमा एक सिट पनि जित्न नसक्दा निराशा पैदा भएको उनले स्मरण गरे। त्यतिबेला धेरै साथीहरूले पार्टीको भविष्यलाई लिएर चिन्ता व्यक्त गरेको भन्दै उनले अब त्यस्तो चिन्ता नलिन आग्रह गरे।